# उदयपुरगढी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## पशुपन्छी विकास शाखा
उदयपुरगढी, उदयपुर

(कोशी प्रदेश, नेपाल)

पत्र संख्या:- २०८०।०८१

सूचना.नं. :-

---

**अनुसूची १**

**प्रस्तावना आह्वानको सूचना**

**प्रथम पटक प्रकाशीत मितिः२०८०।११।१८**

**प्रस्ताव पेश गर्ने अन्तिम मितिः२०८०।१२।०२**

यस उदयपुरगढी गाउँपालिकाको आ.व.२०८०।०८१ को स्विकृत बार्षिक **प्रदेश सशर्त कार्यक्रम** अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि सम्वन्धित कार्यक्रम संचालन निर्देशिका/कार्यविधि २०७६ ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले **१५ औ** दिन सम्म कार्यालय समय भित्रमा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्धारा जानकारी गराईन्छ । थप जानकारीको लागि उदयपुरगढी गाँउपालिका कार्यालयको फोन नं. ९८६५५०३८५५,९८६१८०७४४० मा सम्पर्क राख्न हुन साथै उदयपुरगढी गाँउपालिकाको वेवसाईट udaypurgadhimum.gov.np बाट कृषि विकास अनुदान कार्यक्रम कार्यबिधि २०७६ डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

**कार्यक्रम विवरणः**

| क्र.सं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | प्रति प्रस्ताव अधिकतम साझेदार रकम | आवेदन पेश गर्न सक्ने संस्था |
|---|---|---|---|---|---|
| १ | बाख्रा पालन प्रवर्द्धन कार्यक्रम | संख्या | १ | कम्तीमा ५० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले ब्यहोर्नुपर्ने, अनुदान रकम बढिमा २० लाख । | कृषि तथा पशुपंक्षी कृषक समूह,कृषि सहकारी । |

आ.व.२०८०।०८१ प्रदेश सरकार उधोग कृषि तथा सहकारी मन्त्रालयबाट स्थानिय तहहरुमा वित्तिय हस्तान्तरण मार्फत सशर्त अनुदान कार्यक्रम संचालन सम्बन्धि मार्गदर्शन ।

**आवश्यक कागजातहरुः**

१. अनुसूची २ बमोजिम रु.१० को हुलाक टिकट टाँस गरेका आवेदन ।
२. अनुसूची ३ बमोजिम लागत साझेदारी प्रतिवद्धता,अनुसूची ४ बमोजिम समान प्रकृतिको अनुदान नलिएको तथा अनुसूची ५ बमोजिम अनुदान कार्यक्रम लागि पेश गर्ने कार्य योजना ।
३. आवेदको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
४. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा करारनामा वा सम्झौता पत्र।
५. कृषि तथा पशुपंक्षी फर्म, कृषक समुह तथा कृषि सहकारी संस्थाको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ व को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
६. कृषक समूह र कृषि सहकारी संस्थाको हकमा कार्यक्रम माग गरिएको समितिको बैठक निर्णयको प्रतिलिपि ।
७. सम्बन्धित वडा कार्यालयको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखी सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
८. सम्बन्धित कृषक समूहमा आवद्ध भएको समूहको सिफारिस पत्र ।

मुकेश कुमार चौरसिया

स्वास्थ्य प्राविधिक

प्रशासकिय अधिकृत